# दशरथचन्द नगर कार्यपालिकाको कार्यालय बैतडी

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्विकृत मिति : २०७७/११ /१८

राजपत्रमा प्रकाशन मिति : २०७७/११/१९

दशरथचन्द नगरपालिका, बैतडी

CamScanner

# लैङ्गिक हिंसा निवारण कोष(सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावना :**

नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हकको कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पिडित वा प्रभावितलाई तत्काल उद्धार गर्न, औसधी उपचार गर्न वा पुर्नस्थापना गर्ने कार्यको लागि नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज एवं प्रभावकारी बनाउनको लागि लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली २०६७, लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) (दोस्रो संशोधन) नियमावली, २०७६ तथा लैङ्गिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम खर्च सम्बन्धी मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को परिच्छेद १५ को दफा १०२ को (२) ले दिएको अधिकार प्रयोग गरी दशरथचन्द नगरपालिकाको "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७" तयार गरीएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(१)यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहने छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "नगरपालिका" भन्नाले दशरथचन्द नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पिडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ।

(घ)"घरेलु हिंसा" भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्छ।

(ङ)"लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसै प्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पुऱ्याउने कार्य सम्झनुपर्छ र सो शब्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजनक, पीडाजन्य वा धम्कीपुर्ण व्यवहार, दवाब, करकाप वा स्वेच्छाचारी रुपमा महिलाला ईस्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै पनि कार्य समेतलाई जनाउछ।

(च) "कोष सञ्चालन समिति" भन्नाले नियम (७)बमोजिमको कोष सञ्चालक समिति सम्झनु पर्छ।

**३.कोषको स्थापना :**

(१)लैङ्गिक हिंसा पीडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुन:स्थापना गर्ने काम समेतका लागि नगरपालिकामा एक लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिएको छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :-

(क) संघिय वा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ख) नगरपालिकाको आन्तरीक स्रोतबाट छुट्याइएको रकम,

(ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ङ) अन्यकुनै आन्तरीक वा बाह्य स्रोतबाट प्राप्त रकम,

(च) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम।

CamScanner

(३) उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोली जम्मा गरिनेछ।

(४) कोषको खाता सञ्चालन दशरथचन्द नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४.कोषमा रकम जम्मा गर्ने:**

महिला हकहितका क्षेत्रमा यस नगरपालिका भित्र कार्य गर्ने संघ संस्थाहरुले यस कोषमा आवश्यक सहयोग गर्नु पर्नेछ र दशरथचन्द नगरपालिकाले प्रत्येक बर्ष बार्षिक बजेटबाट व्यवस्था गरी कोषमा रकम जम्मा गर्नुपर्नेछ र उक्त कोषको लागि तोकेको नेपाल सरकारबाट प्राप्त अनुदान रकम समेत यस कोषमा जम्मा गरिने छ।

**५.कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाइ औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउदा लागेको खर्च पीडकले तत्काल बेहोर्न नसक्ने भई अदालतको आदेशबमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श लगायतका सेवा प्रदान गर्न,

(ङ) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) हिंसापीडित र प्रभावित महिलाका लागि पुर्नस्थापना केन्द्र संचालन गर्न,

(ज) संकटापन्न अवस्थामा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि अल्पकालिन सेवा केन्द्र संचालनको लागि माग भई आएमा त्यस्तो केन्द्रको लागि रकम प्रदान गर्न,

(झ) पीडितका लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य कार्यमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागूपदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाइ प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

**६.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** कोषको रकम दफा (५) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

**७.संञ्चालक समिति गठन:**

(१)कोषको संचालन, व्यवस्थापन तथा राहत बितरण गर्ने काम समेतका लागि एक कोष सञ्चालक समिति अर्थात राहत समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) नगर उप-प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (ग) पिडीतसंग सम्बन्धित वडाका वडा अध्यक्ष | सदस्य |
| (घ) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ङ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका सेवा केन्द्रको अधिकृत प्रतिनिधि | सदस्य |

रेन्द्र सिंह थापा
नगर प्रमुख

(छ) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा कार्यरत संघसंस्थाहरु मध्येबाट संयोजकले मनोनित गरेको एकजना — सदस्य

(ज) सामाजिक विकास शाखा प्रतिनिधी — सदस्य

(झ) स्वस्थ्य शाखा प्रमुख — सदस्य

(ञ) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य-सचिव

(३) सञ्चालक समितिको सचिवालय नगरपालिकाको महिला तथा बालबालिका शाखामा रहनेछ।

८.सञ्चालक समितिका काम, कर्तव्य र अधिकार: सञ्चालक समितिका काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणका सम्बन्धमा नगरपालिकाबाट स्विकृति नीति, योजना तथा कार्यक्रमका लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) स्थानीय तत्काल राहत तथा उद्दार समीतिका रुपमा समेत रही लैंगिक हिंसा पीडित तथा प्रभावितको तत्काल उद्धार गर्ने, पुन:स्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(घ) नगरपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाका अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई वीउ पुँजी(सिड मनि) प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाइ लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणका क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष वृद्धिका लागि श्रोतको खोजी गर्ने,

(ज) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने।

९.राहत तथा आर्थिक सहयोग आधार र मापदण्डहरु :

(१) यस कार्यबिधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहाय बमोजिमको हद र आधार लिनुपर्नेछ :-

(क) पीडितलाइ तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले निर्णय गरी बीस हजार रुपैयामा नबढ्ने गरी मनासिब रकम,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आंउदा जांदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयां, अस्पतालमा बस्न व्यवस्था नभइ वाहिर बस्न परेमा बढीमा पांच दिनको बास खर्च वापतप्रति दिन पाँच सय रुपयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(ग) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैया सम्म,

(घ) हिंसापीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा बढीमा प्रतिव्यक्ति बीस हजार रुपैया,

(ङ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चबापत प्रतिदिन तीन सय रुपैयाँर बास बस्नुपर्ने भउ सो बापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँका दरले बढीमा पाँच हजार रुपैयाँसम्म,

(च) पीडितसंग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित बसरहको खाना खर्च रकम,

नरेन्द्र सिंह थापा
नगर प्रमुख

(छ) सञ्चालक समितिले तोके बमोजिमका अन्य कामका लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएमा मनासिब आधार प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम थप गरी दिन सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**१०.राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः**

(१)यस कार्यबिधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पिडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिब कारण खुलाइ कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२)उपनियम (१) बमोजिम प्राप्त भएका निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा राहत समितिले नियम (१३) को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई रकम उपलब्ध गराउनु पर्ने मनासिब आधार नदेखिएमा स्थानीय तहले सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम उपलब्ध गराइएको रकमको प्रगति विवरण चौमासिक र वार्षिक रुपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

**११. तत्काल रकम उपलब्ध गराउन सक्ने :**

(१) यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधिउपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट पच्चिस हजार रुपैयाँमा नबढ्ने गरी मनासिब रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा(१)बमोजिमका अवस्था परी सञ्चालक समितिका अध्यक्षबाट पीडितलाइ रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१२. थप रकम निकासा माग गर्न सक्नेः**

(१) नगरकार्यपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा सञ्चालक समितिले सो को कारण खुलाइ नगरकार्यपालिका सँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भइ आएमा नगरकार्यपालिकाको कार्यालयले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१३. कोषको लेखा र लेखापरिक्षणः** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।
(२) कोषका लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

**१४ आवति (रिभल्भीङ) कोषः** यो कोष आवति(रिभल्भीङ) कोषका रुपमा रहनेछ।

नरेन्द्र सिंह धामी
नगर प्रमुख

**१५. प्रतिवेदन पेश गर्ने:**

(१)समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका कामकारवाहीको प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्षमा भए गरेका काम कारवाहीको प्रतिवेदन स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(३) नगरपालिकाले उपनियम(२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ।

**१६. बैठक भत्ता:** सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिएवापत् नगरकार्यपालिकाले तोक बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन।

**१७. आवश्यक निर्देशन तथा सुझाव दिन सक्ने:**

(१) नगरकार्यपालिकाले आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ।

(२)उपनियम (१) बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ।

**१८. सञ्चालक समितिको बैठक र निर्णय:**

(१)सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिका बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा एक दिन अगाडी सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

(४) सञ्चालक समितिका कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता यस समितिका संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नगरपालिकाको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(८)सञ्चालक समितिको निर्णय सो समितिका सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ।

(९)सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१९.परिमार्जन तथा संशोधन:**

यस कार्यविधिलाई आवश्यकता अनुसार दशरथचन्द नगरपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

**२०. बाधा अड्काउ फुकाउने:**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार दशरथचन्द नगरपालिकाको नगर कार्यपालिकालाई हुनेछ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

बिषयः सहयोग उपलब्ध गराई पाऊँ ।

श्री संयोजक ज्यु
कोष सञ्चालक तथा राहत समिति
दशरथचन्द नगरकार्यपालिकाको कार्यालय
गढी, बैतडी ।

म .................... मा बस्ने वर्ष ..... को .................................. मिति ......................... मा लैंगिक हिंसाबाट पिडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/कानुनी सहायता एवं परामर्श/उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुर्नस्थापना/अन्य .................................... कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैंगिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिन हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको :

नाम, थर : .................................
ठेगाना : .................................
दस्तखत : .................................
मिति : .................................

नरेन्द्र सिंह थापा
नगर प्रमुख

CamScanner